᠎# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ माघ २८ गते

## कारागार सुधारगृह बन्नुपर्ने

राष्ट्रिय मानवअधिकार आयोगका सदस्य गोविन्द शर्मा पौड्यालले कारागार बन्दीगृह नभई सुधारगृह हुनुपर्ने बताउनुभएको छ ।

कपिलवस्तुस्थित जिल्ला कारगारको अनुगमनका क्रममा बन्दीहरूलाई सम्बोधन गर्दै सदस्य पौड्यालले उक्त भनाइ राख्नुभएको हो ।

उहाँले गर्दै जेलभित्र बस्ने सबै नागरिकले सम्मानित रूपमा बाँच्न पाउनुपर्ने आवश्यकता औंल्याउँदै कारागार तथा बन्दीगृह मानवअधिकारमैत्री हुनुपर्ने बताउनुभयो ।

अनुगमनको क्रममा कारागारको भौतिक अवस्था जीर्ण रहेको; बन्दीहरूले उचित समयमा कानुनी सहायता नपाएको; सौचालय, खानेपानीलगायतका आधारभूत सुविधा कमजोर रहेको बन्दी पाउने सिदा बढ्दो महङ्गी अनुरूप नभएको एवम् कारागारमा रहेका सातजना ज्येष्ठ नागरिकले बृद्धभत्ता नपाएको भेटिएको छ ।

आयोगका सदस्य गोविन्द शर्मा पौड्याल नेतृत्वको अनुगमन टोलीमा कपिलवस्तुका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर खडका, उपक्षेत्रीय कार्यालय (बुटवल) का प्रमुख दीपकजङ्गध्वज कार्कीलगायतका व्यक्तिहरूको सहभागिता थियो ।

मोहना अन्सारी
प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org